# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) राप्ती उपत्यका (देउखुरी), नेपाल, फागुन ०६ गते, २०८० साल (अतिरिक्ताङ्क २८


# भाग ३

## लुम्बिनी प्रदेश सरकार

## अर्थ मन्त्रालयको सूचना

लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) मिति २०८०/११/०६ को बैठकबाट प्रदेशका आयोजनाको बहुवर्षिय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० स्वीकृत गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको हो ।

# प्रदेशका आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८०

**<u>प्रस्तावना:</u>** लुम्बिनी प्रदेश सरकारका मन्त्रालय एवं अन्तर्गतका निकायबाट सञ्चालन हुने विभिन्न बहुवर्षीय आयोजनाको समुचित व्यवस्थापन, स्रोत सुनिश्चितता गर्न र स्रोतको व्यवस्थापनलाई व्यवहारिक बनाउन वाञ्छनीय भएकोले,

प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले यो मापदण्ड बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस मापदण्डको नाम "प्रदेशका आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८०" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुने छ ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) **"आयोग"** भन्नाले प्रदेश योजना आयोग सम्झनु पर्छ।

(ख) **"आयोजना"** भन्नाले लुम्बिनी प्रदेश सरकार अन्तर्गतका मन्त्रालय वा निकायको वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका आयोजनामध्ये बहुवर्षीय ठेक्का व्यवस्थापन गर्नुपर्ने भनी पहिचान भएका वा प्रदेश गौरवका आयोजना वा लुम्बिनी

प्रदेश सरकारको प्राथमिकतामा परेका वा तयारी पूरा भएका आयोजना वा त्यस्ता आयोजनाको कुनै खण्ड वा उपखण्ड सम्झनु पर्छ।

(ग) **"ठेक्का सहमति"** भन्नाले बहुवर्षीय ठेक्काका लागि आयोजना कार्यान्वयन प्रक्रिया अघि बढाउन आयोगबाट उपलब्ध गराएको सहमति वा स्वीकृती सम्झनु पर्छ ।

(घ) **"स्रोत सहमति"** भन्नाले बहुवर्षीय ठेक्काको लागि यस मापदण्डको दफा ६ को उपदफा (२) बमोजिम अर्थ मन्त्रालयले उपलब्ध गराएको सहमतिलाई जनाउँछ ।

(ङ) **"बहुवर्षीय ठेक्का"** भन्नाले प्रदेश गौरवका आयोजनाको हकमा आयोजनाको अवधिभर र अन्य आयोजनाको हकमा एक आर्थिक वर्षभन्दा बढी तीन आर्थिक वर्षसम्मको अवधिको ठेक्का सम्झनु पर्छ ।

(च) **"मन्त्रालय"** भन्नाले अर्थ मन्त्रालयलाई सम्झनु पर्छ।

(छ) **"सम्बन्धित मन्त्रालय"** भन्नाले बहुवर्षीय आयोजनाको कार्यान्वयन तथा व्यवस्थापन गर्ने लुम्बिनी प्रदेश सरकारको विषयगत मन्त्रालय सम्झनु पर्छ ।

(ज) "**प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (प्रोभिन्स प्रोजेक्ट बैङ्क मेनेजमेन्ट इन्फरमेशन**

**सिस्टम)"** भन्नाले आयोगले प्रदेश आयोजना बैङ्क व्यवस्थापनको लागि प्रयोगमा ल्याएको सूचना प्रणाली सम्झनु पर्छ।

(झ) **"प्रदेश गौरवको आयोजना"** भन्नाले लुम्बिनी प्रदेश सरकारले प्रदेश गौरवको आयोजनाको रूपमा तोकेको आयोजना सम्झनु पर्छ ।

३. **आयोजना प्रस्ताव पेश गर्ने**: (१) आयोजनाको बहुवर्षीय ठेक्का सहमति वा स्वीकृतिका लागि सम्बन्धित मन्त्रालयले देहायका विवरण संलग्न गरी दोस्रो त्रैमासिकभित्र आयोगमा आयोजना प्रस्ताव पेश गर्नु पर्नेछ।

तर चालु आर्थिक वर्ष २०८०/८१ को हकमा फाल्गुण मसान्तसम्म प्रस्ताव पेश गर्न बाधा पर्ने छैन्।

(क) अनुसूची-१ बमोजिमको आयोजना प्रस्ताव सम्बन्धी विवरण,

(ख) अनुसूची-२ बमोजिमको आयोजनाको लागि बहुवर्षीय ठेक्का स्वीकृति सम्बन्धमा आवश्यक आधार पूरा गरेको चेक लिष्ट,

(ग) पहिलो तीन वर्षको त्रिवर्षीय चालु, पुँजीगत, वित्तीय व्यवस्थाको बजेट, स्रोत र प्रमुख क्रियाकलाप सहित सम्बन्धित मन्त्रालयका सचिवले प्रमाणीत गरेको विवरण,

(घ) आयोजनाको लागत व्यहोर्ने स्रोत स्पष्ट खुलेको विवरण,

(ङ) प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरेको तथा प्रदेश आयोजना बैङ्कमा समावेश भएको पुष्टि हुने कागजात,

(च) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि भएको विवरण।

(२) उपदफा (१) बमोजिम स्वीकृतिका लागि सम्बन्धित मन्त्रालयबाट आयोजना प्रस्ताव प्राप्त भएपछि आयोगले आवश्यक अध्ययन तथा मूल्याङ्कन गरी बहुवर्षीय ठेक्का सहमति वा स्वीकृति प्रदान गर्न उपयुक्त देखेमा स्रोत सहमतिका लागि मन्त्रालयमा पठाउनु पर्नेछ।

तर आ.व. २०८०/८१ को वार्षिक कार्यक्रममा समावेश भएका आयोजना तथा कार्यक्रमका लागि बहुवर्षीय ठेक्का सहमति वा स्वीकृति प्रदान गर्न बाधा पर्ने छैन।

(३) उपदफा (२) बमोजिम प्राप्त आयोजनाका लागि मन्त्रालयले स्रोत उपलब्धताका आधारमा तीस दिनभित्र स्रोत सहमति सम्बन्धमा निर्णय गरी सोको जानकारी आयोगलाई दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम मन्त्रालयको सहमति प्राप्त भएको मितिले पन्ध्र दिनभित्र यस मापदण्डको शर्तको अधीनमा रही आयोगले त्यस्तो बहुवर्षीय ठेक्का कार्यान्वयनको लागि सहमति वा स्वीकृति दिन सक्नेछ।

(५) उपदफा (१) र (२) बमोजिम स्रोत सहमतीका लागि आवश्यक प्रक्रिया र मापदण्ड पूरा नगरी आएका आयोजनालाई मन्त्रालयले आयोगमा फिर्ता पठाउन सक्नेछ ।

४. **<u>बहुवर्षीय ठेक्का सम्बन्धी सीमा र क्षेत्रः</u>** (१) देहायका क्षेत्रमा कार्यान्वयन हुने प्रदेश आयोजना बैङ्कमा समावेश भएका सरकारी भवन निर्माण तथा सेवा खरिद कार्यको हकमा कुल लागत अनुमान तीन करोड रुपैयाँभन्दा बढी र अन्यको हकमा कुल लागत अनुमान पाँच करोड रुपैयाँभन्दा बढीको आयोजनालाई आयोगले बहुवर्षीय ठेक्का कार्यान्वयन गर्न सहमति वा स्वीकृति दिन सक्नेछ।

(२) मन्त्रालयगत निकायले बहुवर्षीय आयोजनाको प्रस्ताव पेश गर्दा मन्त्रालय वा क्षेत्रको वार्षिक विनियोजित बजेटको एकतिहाई सीमा नबढ्ने गरी आयोजना प्रस्ताव गर्नु पर्नेछ ।

**<u>पूर्वाधारहरुः</u>**

(क) सडक, जल यातायात, रज्जुमार्ग, सुरुङ मार्ग तथा अन्य यातायात पूर्वाधार,

(ख) ऊर्जा, सिँचाई, तथा जलस्रोत,

(ग) सूचना प्रविधि तथा सञ्चार,

(घ) आवास, भवन तथा सहरी विकास,

(ङ) कृषि, औद्योगिक तथा व्यापारजन्य पूर्वाधार,

(च) खानेपानी र सरसफाइ,

(छ) भू तथा जलाधार व्यवस्थापन र नदी नियन्त्रण

(ज) खेलकुद पूर्वाधार,

(झ) शिक्षा, स्वास्थ्य, विज्ञान तथा प्रविधि पूर्वाधार,

(ञ) सांस्कृतिक, धार्मिक, पुरातात्त्विक तथा पर्यटन पूर्वाधार संरक्षण,

(ट) विपद् व्यवस्थापन, प्रतिकार्य तथा पुनर्स्थापना।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मोटरेवल पुल र झोलुङ्गेपुलका हकमा रकमको सीमा लागू हुने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित मन्त्रालयले उपदफा (१) मा उल्लिखित सीमाभन्दा कम लागत भएका आयोजनालाई बहुवर्षीय ठेक्काको रूपमा अघि बढाउन आवश्यक ठानेमा सोको पुष्ट्याँई सहित अनुसूची-३ र अनुसूची-४ बमोजिमको फारम भरी स्रोत सहमतिको लागि मन्त्रालयमा लेखी पठाउन पर्नेछ।

(४) सम्बन्धित मन्त्रालयबाट दफा ५ को उपदफा (२) मा उल्लिखित आधारहरू पूरा गरी स्रोत सहमतिका लागि उपदफा (३) बमोजिम लेखी आएमा मन्त्रालयले दफा ६ को उपदफा (२) को अधीनमा रही आवश्यकता, औचित्य र सम्भावित स्रोत उपलब्धता समेतको आधारमा स्रोत सहमति उपलब्ध गराउन सक्नेछ।

५. **<u>आयोजना स्वीकृतिका आधारः</u>** (१) कुनै आयोजनालाई बहुवर्षीय आयोजनाको रूपमा स्वीकृत गर्न आयोजना प्रस्ताव

गर्ने सम्बन्धित मन्त्रालयले देहायका मापदण्ड तथा आधारहरू अवलम्बन गर्नु पर्नेछः-

(क) प्रदेश प्राथमिकता प्राप्त आयोजनाका रुपमा रहेका लुम्बिनी प्रदेशको आवधिक योजनामा उल्लेख भएका वा आयोगले रणनीतिक आयोजनाको रुपमा पहिचान भएको आयोजना,

(ख) बहुवर्षीय ठेक्काका लागि प्रस्तावित आयोजनाको निर्माण सम्पन्न हुने अवधि बढीमा ३ वर्ष भएमा लागत अनुमानको कम्तिमा पन्ध्र प्रतिशत बजेट चालू आर्थिक वर्षमा विनियोजन भएको,

तर मन्त्रालयको सहमतिमा प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयबाट सञ्चालन हुने प्रादेशिक गौरवको आयोजनाको हकमा बहुवर्षीय ठेक्काको सहमति वा स्वीकृति दिंदा यो सीमा लागू हुने छैन।

(ग) विषयगत मन्त्रालय वा कार्यान्वयन गर्ने निकायबाट विस्तृत आयोजना प्रतिवेदन (विस्तृत सर्भे इन्जिनियरिङ प्रतिवेदन, विस्तृत इन्जिनियरिङ डिजाइन, डिटेल्ड प्रोजेक्ट रिपोर्ट-डिपिआर, डिटेल्ड सर्वे इन्जिनियरिङ रिपोर्ट, डिटेल इन्जिनियरिङ डिजाइन) स्वीकृत भएको,

(घ) डिजाइन र निर्माण ठेक्का सम्झौता (डिजाईन एण्ड बिल्ट मोड अफ कन्ट्रयाक्ट), ई.पि.सि. (इन्जिनियरिङ प्रोक्युरमेन्ट कन्ट्रयाक्ट) बाहेक अन्य ठेक्काको हकमा वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७७ बमोजिम आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) वा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा संक्षिप्त वातावरणीय अध्ययन सम्पन्न भएको,

(ङ) आयोजनाको लागि जग्गा अधिग्रहण गर्नुपर्ने वा प्राप्ति गर्नुपर्ने भएमा अधिग्रहण वा प्राप्तिको कानुनी प्रकृया टुंगिएको तथा कानुन बमोजिम दिनुपर्ने क्षतिपूर्तिको काम सम्पन्न भई सकेको,

(च) मध्यमकालीन खर्च संरचनामा उल्लेख भए अनुरूप बजेटको आधारमा स्रोत सुनिश्चितता भएको,

(छ) सम्बन्धित मन्त्रालयबाट स्वीकृत भएको खरिद गुरुयोजना र वार्षिक खरिद योजना,

(ज) प्रदेश सरकार र स्थानीय तहको लागत साझेदारीमा वा सह-लगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ-लागत अनुपात सुनिश्चित भएको तथा स्रोत सहमति प्राप्त भएको,

(झ) वैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा दातृ निकायसँग सम्झौता भई श्रोत सुनिश्चितता भएको,

(ञ) लुम्बिनी प्रदेश सरकारको योजना तर्जुमा दिग्दर्शन, २०८० बमोजिम पहिलो प्राथमिकीकरण (P1) प्राप्त आयोजनामा परेको,

(ट) विषयगत मन्त्रालयबाट अनुसूची-१ बमोजिमको आयोजनाको विवरण एवम् अनुसुची-२ बमोजिमको बहुवर्षीय ठेक्का पूर्व स्वीकृति सम्बन्धमा आवश्यक आधार पुरा गरेको चेकलिष्ट समेत भरेर प्रदेश योजना आयोगमा पेश भएको र प्रदेश योजना आयोगको निर्णयबाट सिफारिस प्राप्त भई आएको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मोटरेवल पुल र झोलुङ्गेपुलका हकमा रकमको सीमा लागू हुने छैन।

६. **बहुवर्षीय ठेक्काको स्रोत सहमति सम्बन्धी व्यवस्थाः** (१) दफा ५ बमोजिमको आधारहरू पुरा भएका आयोजनाहरू मध्ये बहुवर्षीय आयोजनाको रूपमा सञ्चालन गरिने आयोजना सम्बन्धित मन्त्रालयले स्रोतको सहमतिको लागि आर्थिक वर्षको दोस्रो त्रैमासिकभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

तर आर्थिक वर्ष २०८०/०८१ को हकमा यस्तो सहमति चैत्र मसान्तभित्र लिन बाधा पर्ने छैन।

(२) उपदफा (१) बमोजिम आयोजनाको स्रोतको सहमतिको लागि प्रस्ताव भई आएका आयोजनाहरूको हकमा आवश्यकता, औचित्य र सम्भाव्य स्रोत उपलव्धता समेतका आधारमा मन्त्रालयले स्रोत सहमति प्रदान गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम स्रोतको सहमति प्राप्त भए पश्चात् सम्बन्धित मन्त्रालयले बहुवर्षीय आयोजनाको ठेक्का स्वीकृत गर्न सक्नेछ।

(४) बहुवर्षीय ठेक्काको स्रोत सहमति प्राप्त भएको आयोजनाको सोही आर्थिक वर्षको असार मसान्तभित्र ठेक्का सम्झौता नभएमा त्यस्तो सहमति स्वतः रद्द हुनेछ।

(५) बहुवर्षीय ठेक्काको स्रोत सहमतिबाट कुनै आर्थिक वर्षका लागि सिर्जना हुने दायित्व बराबरको रकम सोही आर्थिक वर्षमा सम्बन्धित मन्त्रालय वा निकायलाई प्राप्त बजेट सीमा भित्रबाट अनिवार्य विनियोजन गर्नु पर्नेछ।

७. **कार्यान्वयन गर्ने निकाय र जिम्मेवारीः** (१) बहुवर्षीय आयोजना स्वीकृत भए पछि मात्र सम्बन्धित मन्त्रालय वा निकायले बहुवर्षीय ठेक्का कार्यान्वयन गर्नेछ।

(२) बहुवर्षीय आयोजनाहरूको सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित मन्त्रालय वा मातहत निकायको हुनेछ।

(३) बहुवर्षीय ठेक्का सहमति दिइएका आयोजनाको लागि पछिल्ला वर्षहरूमा सिर्जना हुने दायित्व बजेट तर्जुमाका क्रममा प्राप्त बजेट क्षेत्रगत सीमाभित्र रही विनियोजन प्रस्ताव गर्नु पर्नेछ।

(४) मन्त्रालयले प्रत्येक वर्षको चैत्र मसान्तभित्र अनुसूची-३ को ढाँचामा बहुवर्षीय ठेक्काको अद्यावधिक विवरण र अनुसूची-४ को ढाँचामा मध्यमकालीन खर्च संरचना तयार गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(५) मन्त्रालय वा निकायले प्रत्येक वर्षमा बहुवर्षीय ठेक्का सहमति वा स्वीकृतिको विवरण प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ।

८. **आवश्यक व्यवस्था गर्न सक्नेः** यस मापदण्डमा उल्लेख गरिएको विषयमा कुनै द्विविधा भएमा मन्त्रालयले आवश्यक व्याख्या गर्न सक्नेछ।

९. **स्थानीय तहको सम्बन्धमा व्यवस्थाः** (१) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहसँग प्रस्ताव आह्वान भई सहकार्य र साझेदारीमा सञ्चालन हुने गरी स्वीकृत भएको सम्बन्धित मन्त्रालयको कार्यविधिको अधिनमा रही चालू आ.व. मा स्वीकृत गरीएका बढीमा तीन वर्षभित्र सम्पन्न हुने गरी स्वीकृत गरिएका परियोजनाको हकमा दश करोडसम्मको स्रोत सुनिश्चितता भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिमको परियोजनाको विवरण सम्बन्धित मन्त्रालयले मन्त्रालयमा पठाउनु पर्ने छ।

(३) उपदफा (१) बमोजिमका परियोजनाहरुको लागि सृजना हुने आर्थिक दायित्व बराबरको रकम सोही आ.व. मा सम्बन्धित मन्त्रालय वा निकायलाई प्राप्त बजेट सिमा भित्रबाट अनिवार्य विनियोजन गर्नु पर्नेछ।

१०. **अनुसूची हेरफेर गर्न सक्नेः** यस मापदण्डको अनुसूचीमा कुनै हेरफेर वा थपघट गर्नुपर्ने भएमा मन्त्रालयले हेरफेर वा थपघट गर्न सक्नेछ।

११. **प्रचलित कानुन बमोजिम** हुनेः यस कार्याविधिमा जुन सुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुनमा उल्लेख भएको विषय सोही बमोजिम हुनेछ।

१२. **खारेजी र बचाउः** (१) **"बहुवर्षीय आयोजना स्वीकृति तथा ठेक्का सम्बन्धी मापदण्ड, २०७६"** खारेज गरिएको छ।सो बमोजिम भए गरेको काम कारबाही यसै मापदण्ड बमोजिम भएको मानिनेछ।

## अनुसूची -१

(दफा ३ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

## बहुवर्षीय ठेक्का बन्दोबस्तका लागि प्रस्तावित आयोजनाको विवरण ढाँचा

लुम्बिनी प्रदेश सरकार

..........................मन्त्रालय

आयोजना प्रस्ताव फाराम

खण्ड (क)

**क. आयोजनको आधारभूत विवरण**

१. आयोजनको नाम :

२. आयोजनाको लक्ष्यः

३. आयोजनाको उद्देश्यः

४. आयोजनाको प्रतिफलः

५. आयोजनाको किसिमः

सेवा प्रधान ☐ अनुसन्धान प्रधान ☐ उत्पादन प्रधान ☐

निर्माण प्रधान ☐ सुशासन ☐

६. आयोजनाबाट लाभान्वित हुने जनसङ्ख्या :

७. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनोट गर्दा अपनाइएका आधारहरू

(क) कार्यान्वयन क्षेत्रः-

जिल्लाः................. प्रादेशिक निर्वाचन क्षेत्रः.......................

न.पा./गा.पा..........

(ख) छनोटका आधारहरूः-

८. आयोजनाको कुल लागतः-

९. आयोजनाको अवधि (प्रस्तावित जम्मा वर्ष)-

(क) सुरु हुने मितिः- (ख) सम्पन्न हुने मितिः-

१०.आयोजना कार्यान्वयन गर्ने निकायः-

## खण्ड (ख)

**क. आयोजनको वित्तीय/आर्थिक विवरणः-**

१. आयोजनाको कुल लागत र स्रोतको विवरण (रु. हजारमा)

| स्रोतको विवरण | भुक्तानिको प्रकार | आन्तरिक स्रोत | | बैदेशिक स्रोत | | |
|---|---|---|---|---|---|---|
| | | लुम्बिनी सरकार | स्थानीय सरकार | अनुदान | ऋण | प्राविधिक सहायता |
| **प्रदेश सरकार** | | | | | | |
| **दातृ निकाय** | | | | | | |
| **आन्तरिक/बाह्य** | | | | | | |
| **प्राविधिक सहायता** | | | | | | |
| **स्रोतगत जम्मा** | | | | | | |
| **कुल लागत** | | | | | | |

२. आयोजनको कूल रकमको अनुमानित वार्षिक बाँडफाँट (रु. हजारमा)

| आर्थिक वर्ष | बाँडफाँट | कार्य परिमाण |
|---|---|---|
| | | |
| | | |

३. परामर्शदाता सम्बन्धी विवरणः

(क) आयोजनामा रहने कुल परामर्शदाताको सङ्ख्याः
स्वदेशीः
विदेशीः

(ख) आयोजनामा रहने कुल परामर्शदाताको वार्षिक बाँडफाँट रकम (रु. हजारमा)

| **आर्थिक वर्ष** | **अनुमानित खर्च** | |
|---|---|---|
| | **स्वदेशी** | **विदेशी** |
| | | |

| | | |
|---|---|---|
| | | |
| **जम्मा** | | |

४. आयोजनको ठेक्का संख्या र रकम :

| आयोजनाको अवधी | |
|---|---|
| संख्या | रकम |
| | |

५. आयोजनाको सम्भाव्यता अध्ययनः

(क) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको छ, छैन ? नभएको भए हुनु नपर्ने कारणः

(ख) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको वर्ष :

(ग) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययनको निष्कर्ष :

६. आयोजनको आर्थिक तथा वित्तीय विश्लेषण :

(क) लागत फिर्ता अवधि (Pay-back Period)

(ख) लाभ-लागत अनुपात (Benefit cost Ratio)

(ग) वित्तीय प्रतिफल दर (Financial Internal Rate of Return –FIRR)

(घ) आर्थिक प्रतिफल दर (Economic Internal Rate of Return – EIRR)

(ङ) खुद वर्तमान मूल्य (Net Present Value – NPV)

(च) लागत प्रभावकारिता अध्ययन (Cost Effectiveness Analysis)

(छ) सम्भाव्यता अध्ययन गर्ने निकाय

७. वातावरणीय अध्ययनको संक्षिप्त विवरण (नभएको भए कारण उल्लेख गर्ने) :

## खण्ड (ग)

क. प्रशासनिक तथा व्यवस्थापकीय विवरण :

१. आयोजनाको लागि जग्गा प्राप्तिको अवस्था

(क) आवश्यक जग्गाः

(ख) जग्गा प्राप्त भएको/नभएकोः

(ग) जग्गाको प्रकारः

(घ) प्राप्त भएको जग्गाको स्थान, क्षेत्रफल र कित्ता नं.:

(ङ) जग्गा प्राप्तिको माध्यमः

२. आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने संस्थागत व्यवस्था :

(क) अनुगमन तथा मूल्याङ्कनका लागि छुट्याइएको रकम :

(ख) प्रदेश सरकारबाट गरिने अनुगमन तथा मूल्याङ्कनको विवरण :

(ग) आयोजनाको प्रतिफल र प्रभाव हेर्ने सूचक विवरण :

३. मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework –MTEF) अनुरूप आयोजनाको प्राथमिकताक्रम : पहिलो प्राथमिकता ☐ दोस्रो प्राथमिकता ☐

४. आयोजनको दिगोपना र सम्पन्न भएपछि सञ्चालन (Phase-out Plan) सम्बन्धी व्यवस्था:

**<u>प्रमाणित गर्ने</u>**

.....................

प्रदेश सचिव

............................ मन्त्रालय

## अनुसूची-२

(दफा ३ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

## आयोजनाको लागि बहुवर्षीय ठेक्का पूर्व स्वीकृति सम्बन्धमा आवश्यक आधार पूरा गरेको चेकलिष्ट

| क्र.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | प्रदेश सरकार, मन्त्रिपरिषद्ले बहुवर्षीय आयोजनाको रूपमा स्वीकृत गरेका आयोजना। | | | |
| २ | प्रदेश प्राथमिकता प्राप्त आयोजनाका रूपमा रहेको साथै प्राथमिकता निर्धारण सम्बन्धमा लुम्बिनी प्रदेश सरकारको योजना तर्जुमा दिग्दर्शन, २०८० अनुसार आयोजना तथा कार्यक्रमको प्राथमिकताक्रम गणना गर्ने तालिका भएको। | | | |
| ३ | प्रदेश आयोजना बैङ्कमा समावेश भएका कुल लागत अनुमान बीस करोड रुपैयाँ भन्दा बढी र सरकारी भवन निर्माण र सेवा खरिद आयोजनाको हकमा दश करोड रुपैयाँ भन्दा बढीको आयोजना। | | | |
| ४ | बहुवर्षीय ठेक्कामा जाने आयोजनाको ठेक्काको समय सीमा कम्तीमा दुई वर्षसम्म भएको। | | | |
| ५ | सम्बन्धित मन्त्रालय वा कार्यान्वयन गर्ने निकायबाट विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इञ्जिनियरिङ्ग डिजाइन स्वीकृत भई प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (PPBMIS) मा सम्पूर्ण विवरणहरू प्रविष्ट गरी स्वीकृत भएको। | | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन र संक्षिप्त वातावरणीय प्रतिवेदनको कार्य सम्पन्न भएको। | | | |
| ७ | आयोजनाको लागि अधिग्रहण गर्नुपर्ने सार्वजनिक साथै निजी जग्गा प्राप्तिको कानुनी प्रक्रिया टुङ्गिएको। | | | |
| ८ | मध्यमकालीन खर्च संरचनामा उल्लेख भएको | | | |
| ९ | वैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा दातृ निकायसँग सम्झौता भई स्रोत सुनिश्चितता भएको। | | | |
| १० | खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मूल्याङ्कन योजना, वार्षिक खरिद योजना तयार भएको। | | | |
| ११ | लुम्बिनी प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ ले निर्धारण गरे बमोजिम अनुगमन तथा मूल्याङ्कन व्यवस्था सुनिश्चित भएको। | | | |

| **तयार गर्नेः** | **पेश गर्नेः** | **स्वीकृत गर्नेः** |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नामथर | नाम, थरः | नाम, थरः |
| पदः | पद | पद |
| मितिः | मिति | मितिः |

## अनुसूची-३

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

## मध्यमकालीन खर्च संरचना सम्बन्धी विवरण

| क.सं. | आयोजनाको नाम | चालु आ.ब.को वास्तविक उपलब्धी | आगामी आ.व.सम्मको अनुमानित उपलब्धी | मध्यमकालिन लक्ष्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आगामी आ.व. (पहिलो वर्ष) | दोस्रो वर्ष | तेस्रो वर्ष | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**प्रमाणित गर्ने**

......................

प्रदेश सचिव

............................ मन्त्रालय

## अनुसूची-४

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

## बहुवर्षीय ठेक्कामा सञ्चालित आयोजनाको विवरण

| क.सं. | आयोजनाको नाम | | | ठेक्का संझौता भएको मिति | ठेक्का संझौता सम्पन्न हुने मिति | कुल लागत रकम | बहुवर्षिय ठेक्काका लागि आयोगबाट स्वीकृती दिएको मिति | मन्त्रालयले स्रोत सुनिश्चितता सहमती दिएको मिति | आर्थिक वर्ष अनुसार खर्च र सिर्जित दायित्व (प्रत्येक आ.व.को | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | व.उ.शि.नं. | खण्ड (section/component) | उपखण्ड (sub-project) | | | | | | आ.व. | विनियोजित बजेट | खर्च रकम | बाकी दायित्व | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |

**प्रमाणित गर्ने**

......................प्रदेश सचिव

........................ मन्त्रालय

**आज्ञाले,**

**प्रेम प्रसाद आचार्य**

**नि. प्रदेश सचिव**

प्रकाशनः लुम्बिनी प्रदेश सरकार, गृह मन्त्रालय